# नेपाल फर्मास्यूटिकल एसोसियसनको विधान, २०२८
## (पाचौं संशोधन २०७८ सहित)

**प्रस्तावना**

संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालमा फार्मेसी तथा फर्मास्यूटिकल पेशा तथा व्यवसायमा लागेका व्यक्तिहरुको संगठित समुदाय आफ्नो व्यवसायको सिद्धान्त एवं आचार संहिता अनुरुप सामुदायिक प्रयासद्धारा समायोचितमार्ग निर्देशन गर्दै राष्ट्रको विकास र समुन्नतिको लागि फार्मेसी पेशालाई अझ बढी व्यवस्थित बनाई नेपाली जनताको स्वास्थ्य स्थितिलाई अधिकतम अवस्थामा पुऱ्याउनको लागि सम्वद्ध सबै फर्मासिष्ट एवम फार्मेसी सहायकलाई संगठित गरी पेशागत हक-हितको संरक्षण र संवर्द्धन गर्दै यसको विकास र विस्तार गर्न तथा स्वास्थ्य सम्बन्धी सरकारी, गैरसरकारी एवं निजि निकायहरुलाई आवश्यकता अनुसार फार्मेसी सेवा तथा शिक्षासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन तथा अनुसन्धान गर्ने कार्यहरुमा सल्लाह-सुझाव र सहयोग प्रदान गर्ने उद्देश्यले प्रेरित भई "नेपाल फर्मास्यूटिकल एसोसियसन" नामक एक संगठित, स्वशासित र गैर राजनीतिक संस्थाको स्थापना गर्न बाञ्छनीय भएकोले यो विधान तयार गरी लागु गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधानको नाम " नेपाल फर्मास्यूटिकल एसोसियसनको विधान, २०२८" रहनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) 'विधान' भन्नाले नेपाल फर्मास्यूटिकल एसोसियसनको विधान, २०२८ लाई बुझाउनेछ।

(ख) 'एसोसियसन' भन्नाले नेपाल फर्मास्यूटिकल एसोसियसनलाई बुझाउनेछ।

(ग) 'नियम', 'विनियम' र 'कार्यविधी' भन्नाले यस विधान अन्तर्गतका नियम, विनियम र कार्यवधीलाई बुझाउनेछ।

(घ) 'पदाधिकारी' भन्नाले एसोसियसनको विभिन्न तहमा गठन हुने कार्य समितीका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, प्रचारसचिव, कोषाध्यक्ष, सह-कोषाध्यक्ष र सदस्यलाई बुझाउनेछ।

(ङ) 'सदस्य' भन्नाले एसोसियसनका साधारण सदस्य, फार्मेसी सहायक सदस्य, मानार्थ सदस्य र विद्यार्थी सदस्यलाई बुझाउनेछ।

(च) 'कार्यालय' भन्नाले एसोसियसनको विधान अनुसारका केन्द्रीय कार्यालय र प्रदेश कार्यालयलाई बुझाउनेछ।

(छ) 'कार्यसमिति' भन्नाले विधान अनुसार गठित विभिन्न तहका कार्यसमितिलाई बुझाउनेछ।

(ज) 'समिति', 'विभाग' र 'उप-समिति' भन्नाले विधान अनुसार गठित विभिन्न तहका कार्यसमिति अन्तर्गत गठन गरिएका समिती, विभाग र उप-समितीलाई बुझाउनेछ।

CamScanner

(झ) 'साधारण सभा' भन्नाले एसोसियसनको केन्द्र र प्रदेशतहमा हुने साधारण सभालाई बुझाउनेछ ।

(ञ) 'तोकिए' वा 'तोकिए बमोजिम' भन्नाले विधान अन्तर्गतका नियम, विनियम, र कार्यविधीमा तोकिए बमोजिम बुझाउनेछ ।

(ट) "फर्मासिष्ट" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा कम्तीमा स्नातक तहको योग्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ठ) "फार्मेसी सहायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा कम्तीमा प्रमाणपत्र वा सो सरहको योग्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ड) "फार्मेसी व्यवसाय" भन्नाले औषधीको अध्यन-अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण ,भण्डारण, आपूर्ति ठिक छ भनी प्रमाणति गर्ने र सो औषधी बिरामीले सुरक्षति तथा प्रभावकारी तवरले प्रयोग गराउने व्यवसाय सम्झनु पर्छ ।

## परिच्छेद २
## स्थापना

**३. एसोसियसनको स्थापना :**

"नेपाल फर्मास्यूटिकल एसोसियसन" नामको एक एसोसियसनको स्थापना हुनेछ । यस एसोसियसनको अग्रेजीमा नाम **Nepal Pharmaceutical Association** र छोटकरीमा एन.पी.ए.अथवा **NPA** रहनेछ । यसको मुख्य कार्यालय काठमाडौंमा रहनेछ र प्रदेश तथा जिल्ला कार्यालय सम्बन्धित प्रदेश तथा जिल्ला भित्र रहनेछ ।

**४. एसोसियसन स्वशासित र संगठित संस्था रहने :**

(क) यो एसोसियसन अविछिन्न उत्तराधिकारीवाला एक स्वशासित र संगठित संस्थाको रुपमा हुनेछ ।

(ख) यो एसोसियसनले कानूनी मान्यता प्राप्त व्यक्ति सरह चल वा अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, धितो बन्धक राख्न, बेचविखन गर्न तथा अन्य किसिमले भोग चलन गर्न सक्नेछ ।

(ग) यो एसोसियसनले आफ्नो नामबाट कसै उपर नालिस, उजुर तथा प्रतिवाद गर्न सक्ने छ ।

(घ) यो एसोसियसनको काम कारवाहीको प्रयोजनका लागि छुट्टै छाप हुनेछ ।

## परच्छिेद ३
## लक्ष र उद्देश्य

**५. लक्ष्य र उद्देश्य :**

यस एसोसियसनको राजनीतिक गतिविधि र गठवन्धनमा कुनै सरोकार रहने छैन । यो निम्न लिखित सवै वा कुनै लक्ष्य र उद्देश्य पुर्तिका लागि खडा भएको पूणर्तः व्यवसायिक तथा वैज्ञानिक संस्था हुनेछ ।

(क) फार्मेसी व्यवसायका विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिहरुको व्यवसायिक हकहितको संरक्षण तथा सर्म्वद्धन गर्नु ।

(ख) फार्मेसी व्यवसायहरुलाई संगठित गरि एसोसियसनका सदस्यहरु विच एकता, भ्रातृत्व, शिष्टाचार र सदभावनाको अभिवृद्धि गर्नु, गराउनु ।

NEPAL PHARMACEUTICAL ASSOCIATION

CamScanner

(ग) फार्मेसी विषयमा ज्ञान हासिल गरेका वा सो पेशा तथा व्यवसायमा कार्यरत व्यक्तिहरुलाई समयोचित शिक्षा तथा प्रशिक्षण प्रदानगर्नु ।

(घ) फार्मेसी विज्ञानको हर प्रकारबाट उत्थान गर्नु ।

(ङ) फार्मेसी व्यवसायको आचार संहितालाई सुदृढ पार्नु ।

(च) फार्मेसी तथा सम्बन्धित विषयहरुमा गरिने सबै प्रकारको वैज्ञानिक तथा प्राविधिक अनुसन्धान प्रयोग र परीक्षण कार्यहरुको शुरुआत गर्नु, कार्यान्वयन तथा अभिवृद्धि गर्नु गराउनु ।

(छ) फार्मेसी तथा स्वास्थ्यको समग्र विकाससँग सम्वद्ध सरकारी, निजी तथा गैरसरकारी संघ संस्था तथा निकायहरुलाई नीती निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा मूल्यांकन सम्वन्धी समसामायिक विषयमा सल्लाह-सुझाव दिने, सहयोग गर्ने र समन्वयात्मक ढंगले कार्य गर्ने ।

(ज) फार्मेसी तथा स्वास्थ्यको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग सम्वन्ध कायम राखी जनस्वास्थ्य सन्जाल स्थापना गरेर सम्वद्ध पेशा एवं व्यवसायको हकहित संरक्षण, सम्वर्द्धन तथा विकास गर्नका लागि उपलव्ध स्रोत साधन र अनुभवको आदान प्रदान गर्ने ।

## ६. लक्ष्य प्राप्तिका साधन :

एसोसियसनको लक्ष र उद्देश्य प्राप्तिको निमित्त निम्न लिखित सबै वा कुनै साधनको उपयोग गरिने छ ।

(क) फार्मेसी तथा जडीवुटिहरुको उन्नतिको निमित्त समाचार पत्र, किताव, पत्रिका, लेख र अरु अनुसन्धान कृति इत्यादिको सम्पादन तथा प्रकाशन गर्नु ।

(ख) फार्मेसी तथा जडीवुटीहरुको प्रयोजनको लागि सेमिनार, गोष्ठी, सम्मेलन तथा प्रदर्शनीको आयोजन गर्नु ।

(ग) फार्मेसी पेशा तथा व्यवसायमा संलग्न सबै व्यक्तिको हितको लागि उचित कानुन बनाउनमा प्रयास गर्नु तथा यस्तै अन्य उपाय द्वारा तत् सम्बन्धमा जोड दिनु वा प्रतिनिधित्व गर्नु ।

(घ) नेपालमा फार्मेसी पेशा तथा व्यवसाय तथा स्वास्थ्यलाई अनुकुल असर पर्न जाने नीति वा नियम कानुनहरुको सम्वन्धमा संशोधन गराउन प्रयास गर्नु ।

(ङ) नेपाल भित्र वा बाहिरका अन्य संघ-संस्था जस्को उद्देश्य पूर्ण वा आशिंक रुपले यस एसोसियसन सँग मिल्दो जुल्दो भए मिलेर काम गर्ने ।

(च) नेपाल भित्र वा बाहिरका कुनै संस्थाले वा कुनै व्यक्तिले वा एसोसियसनको कुनै सदस्यद्वारा दिइने रकम (नगद वा जिन्सी) स्वीकार गर्नु ।

(छ) एसोसियसनको उद्देश्यको अभिवृद्धि तथा ज्ञानोपार्जनको लागि स्वेच्छापूर्ण चन्दाबाट विशेष कोष जम्मा गर्नु ।

(ज) एसोसियसनको योजनाको लागि चाहिने ऋण लिनु ।

(झ) एसोसियसनको लाभांश एसोसियसनको कोषको रकमलाई लगानी गर्नु ।

(ञ) आवश्यक पर्ने कार्यालय, जग्गा र कर्मचारीहरुको प्रवन्ध गर्नु ।

(ट) देश भित्र वा वाहिर एसोसियसनको शाखा खोल्नु र त्यसलाई सहायता पुऱ्याउनु ।

(ठ) एसोसियसनको उद्देश्य तथा लक्ष प्राप्त गर्न मद्दत प्राप्त हुने सबै प्रकारका कार्यहरु गर्नु ।

(ड) औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर परिक्षण, गुणस्तर आश्वाशन, प्रवर्धन, संचय, भण्डारण, आपूर्ति, बिक्रि, वितरण, भन्सार जांचपास, परामर्श, समुचित प्रयोग, सतर्कतामा फार्मेसी जनशक्ति उपलब्ध गराउन उचित निति तथा कार्यक्रम लागु गर्ने ।

NEPAL PHARMACEUTICAL ASSOCIATION NPA

## परिच्छेद ४
## सदस्यता

**७. सदस्यको प्रकार :**

एसोसियसनमा देहाय बमोजिम चार प्रकारका सदस्यहरु रहने छन् ।

(क) साधारण सदस्य (फार्मेसिस्ट सदस्य)

(ख) फार्मेसी सहायक सदस्य

(ग) मानार्थ सदस्य

(घ) विद्यार्थी सदस्य

**८. सदस्यको योग्यता**

(क) साधारण सदस्य : एसोसियसनको साधारण सदस्यता प्राप्त गर्नकालागि मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तिनर्ण गरि दफा ७ को (क) बमोजिम सदस्य लिएको व्यक्ति ।

(ख) फार्मेसी सहायक सदस्य : एसोसियसनको फार्मेसी सहायक सदस्यता प्राप्त गर्नकालागि मान्यता प्राप्त शिक्षणसंस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह वा डिप्लोमा तह तह वा सो सरह उत्तिनर्ण गरि दफा ७ को (ख) बमोजिम सदस्य लिएको व्यक्ति ।तर कुनै फार्मेसी सहायक सदस्यले फार्मेसी विषयमा स्नातकगरि निवेदन दिएमा फार्मेसी सहायक सदस्यबाट साधारण सदस्य मा परिणत गरिनेछ ।

(ख) मानार्थ सदस्य : फार्मेसी पेशा वा सो सँग सम्बन्धित क्षेत्रमा अर्थपूर्ण योगदान गरेका नेपाली वा विदेशीलाई केन्द्रीय कार्यसमितिले मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ ।

(ग) विद्यार्थी सदस्य :हाल फार्मेसी विषयमा स्नातक वा प्रमाणपत्र तह अध्यनरत विद्यार्थीहरुले दफा ७ को (घ) बमोजिम सदस्य लिएको व्यक्ति ।

**९. सदस्यता शुल्क :**

(क) प्रवेश शुल्क : साधारण सदस्य रु १०५०
फार्मेसी सहायक सदस्य रु ५२५

(ख) वार्षिक शुल्क : रु.२५०
एसोसियसनबाट कुनै लिखित सूचना नपाए पनि सदस्यताको वार्षिक शुल्क हरेक वर्षको असार मसान्त भित्र वुझाउनु पर्ने छ । वार्षिक शुल्क नबुझाउने सदस्यले यस विधान बमोजमि शुल्क नबुझाए सम्म दफा १० बमोजमि पाउने सुबधिाहरु उपभोग गर्न पाउने छैन । मानार्थ सदस्यले कुनै प्रवेश शुल्क तथा वार्षिक शुल्क तिर्नु पर्ने छैन ।

(ग) विलम्ब शुल्क : समयावधी भित्र वार्षिक शुल्क नबुझाएमा हरेक वर्ष थप रु ५० बिलम्ब शुल्क लाग्ने छ ।

(घ) विद्यार्थी सदस्य शुल्क : रु.२५०

(ङ) फर्मासी सहायक सदस्य बाट साधारण सदस्यमा रुपान्तरण शुल्क : रु ५२५

**१०. सदस्यका सुविधाहरु :**

(क) साधारण सदस्यका सुविधाहरु

NEPAL PHARMACEUTICAL ASSOCIATION NPA

एसोसियसनका सदस्यहरुले देहायका सुविधाहरु उपभोग गर्न पाउने छन् ।

१ साधारण सभाको छलफलमा भाग लिने ।

२ कार्यसमितिमा चुन्न र चुनिने आधिकार ।

३ एसोसियसनबाट समय समयमा प्रकाशित लेख पुस्तक वा पुस्तिकाहरु निःशुल्क वा सहुलियत मुल्यमा उपभोग गर्ने ।

४ एसोसियसनले प्रवन्ध गरेको प्रवचन गोष्ठी, सम्मेलन र प्रदर्शनी इत्यादिमा भाग लिने ।

**(ख) फार्मेसी सहायक सदस्यका सुविधाहरु**

एसोसियसनका फार्मेसी सहायक सदस्यहरुले देहायका सुविधाहरु उपभोग गर्न पाउने छन् ।

१ प्रादेशिक कार्यसमिति तथा फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.एको कार्यसमितिमा चुन्न र चुनिने आधिकार ।

२ एसोसियसनबाट समय समयमा प्रकाशित लेख पुस्तक वा पुस्तिकाहरु निःशुल्क वा सहुलियत मुल्यमा उपभोग गर्ने ।

३ एसोसियसनले प्रवन्ध गरेको प्रवचन गोष्ठी, सम्मेलन र प्रदर्शनी इत्यादिमा भाग लिने ।

**(ग) विद्यार्थी सदस्यका सुविधाहरु**

१ एसोसियसनबाट समय समयमा प्रकाशित लेख पुस्तक वा पुस्तिकाहरु निःशुल्क वा सहुलियत मुल्यमा उपभोग गर्ने ।

२ एसोसियसनले प्रवन्ध गरेको प्रवचन गोष्ठी, सम्मेलन र प्रदर्शनी इत्यादिमा भाग लिने ।

**११. सदस्यताको समाप्ति :**

कार्यसमितिले निम्न लिखित अवस्थामा कुनै व्यक्तिको सदस्यता समाप्त गर्न सक्नेछ ।

(क) राजीनामाः महासचिवको नाममा लिखित राजीनामा दिएमा र त्यस बारे कार्यसमितिबाट स्वीकृति भएमा ।

(ख) निष्काशनः कुनै सदस्यले एसोसियसनको वा फार्मेसी व्यवसायको निम्ति अहित काम गरेको प्रमाणित भएमा साधारण सभाबाट अनुमोदन हुने गरि कार्यसमितिले निष्काशन सम्मको अनुशासनको कारवाईगर्न सक्ने छ। अनुशासन कारवाहीको अवधिका सदस्यको सदस्यता निलम्बन गरेको मानिने छ ।निलम्बित सदस्य, सदस्यका सुविधाहरुबाट वन्चित रहनेछ। तर यस्तो आरोप लगाइएको सदस्यलाई एसोसियसन सामु आफ्नो तरफबाट सफाई दिन उचित अवसरबाट वञ्चित गरिने छैन ।

(ग) मगज बिग्रेमा ।

(घ) नैतकि पतन हुने फौजदारी अभयोिग अदालत बाट प्रमाणति भएमा ।

(ङ) मृत्यु भएमा ।

**१२. पून: सदस्यता प्राप्त गर्ने योग्यता :**

सदस्यता राजीनामा वा निष्काशन गरेर जुन सुकै तरिकाबाट समाप्त भएको भएतापनि सो सदस्यहरुबाट यदि निम्न लिखित शर्तहरु पुरा गरिन्छ भने एसोसियसनले पून: सदस्यता प्रदान गर्न सक्नेछ ।

(क) राजीनामाबाट सदस्यता समाप्त भएको भए, महासचिवको नाममा आवेदन दिई सदस्यताको प्रवेश शुल्क बुझाएर ।

(ख) निष्काशन भएको भए निष्काशन गरेको मिति देखि कम्तिमा एक वर्षको अवधि वितेको भई त्यस अवधि विचमा राम्रो चालचलन भएको छ भनि कमसेकम ५ सदस्यले सिफरिस गरेको छ भने प्रवेश शुल्क र वार्षिक शुल्क तिरी एसोसियसनलाई लिखित निवेदन दिएमा ।

## परिच्छेद ५
## एसोसियसनको स्वरुप

**१३. कार्यसमिती :**

संगठनमा निम्न बमोजिमका कार्य समितीहरु रहने छन् :

(क) केन्द्रीय कार्यसमति

(ख) प्रादेशिक कार्यसमति,

(ग) विषयगत कार्यसमति, र

(घ) फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.ए (FAP, NPA)।

**१४. कार्यसमितीको गठन :**

(क) केन्द्रीय कार्यसमितीको गठन देहाय बमोजिम १७ जनाको हुनेछ :
अध्यक्ष-१, उपाध्यक्ष-३, महासचिव-१, सचिव-२, प्रचारसचिव- १, कोषाध्यक्ष-१, सहकोषाध्यक्ष-१, सदस्य-६, र निवर्तमान अध्यक्ष-१ ।

(ख) प्रादेशिक कार्यसमितीको गठन देहाय बमोजिम ७ जनाको हुनेछ :
अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, कोषाध्यक्ष-१ र सदस्य-३ ।

(ग) विषयगत कार्यसमिति : केन्द्रीय कार्य समितिको मनोनयनमा देहाय बमोजिमको १ संयोजक सहित वढीमा ५ सदस्यीय विषयगत कार्यसमितिको/ विभाग गठन गर्न सकिने छ .

१) ईन्डस्ट्रियल फार्मेसी कार्यसमिति
२) अस्पताल फार्मेसी कार्यसमिति
३) सामुदायिक फार्मेसी कार्यसमिति
४) एकेडेमिक फार्मेसी कार्यसमिति
५) मार्केटिङ्ग फार्मेसी कार्यसमिति
६) अन्तर्राष्ट्रिय सम्बन्ध कार्यसमिति
७) अन्य कार्यसमिति

कार्यसमितिको अधिकतम अवधि केन्द्रिय कार्यसमितको अवधि सम्म रहन सक्ने छ ,सो कार्यसमितिको पदाधिकारी केन्द्रीय कार्यसमितिबाट पुनः मनोनयन हुन बाधा पर्ने छैन ।

(घ) फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.एको गठन देहाय बमोजिम ७ जनाको हुनेछ :
अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, कोषाध्यक्ष-१ र सदस्य-३ ।

**१५. कार्यसमतिका पदाधिकारीहरुको योग्यता :**

(क) केन्द्रीय कार्यसमितिको पदाधिकारीहरुको योग्यता
अध्यक्षः दस वर्ष साधारण सदस्य रहेको

NEPAL PHARMACEUTICAL ASSOCIATION NPA

दुई जना उपाध्यक्ष: साधारण सदस्य
एक जना उपाध्यक्ष: महिला साधारण सदस्य
महासचिव: साधारण सदस्य
प्रचारसचिव: साधारण सदस्य
सचिव : साधारण सदस्य
कोषाध्यक्ष: साधारण सदस्य
सहकोषाध्यक्ष: साधारण सदस्य
दुई जना सदस्य : साधारण सदस्य
एक जना सदस्य : महिला साधारण सदस्य
तिन जना पदेन सदस्य : फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.एका अध्यक्ष, उपाध्यक्ष र सचिव

(ख) प्रादेशिक कार्यसमतिका पदाधिकारीहरुको योग्यता
अध्यक्ष : ५ वर्ष साधारण सदस्य रहेको
उपाध्यक्ष : साधारण सदस्य
सचिव : साधारण सदस्य / फार्मेसी सहायक सदस्य
कोषाध्यक्ष : साधारण सदस्य / फार्मेसी सहायक सदस्य
दुई जना सदस्य : साधारण सदस्य / फार्मेसी सहायक सदस्य
एक जना सदस्य: महिला साधारण सदस्य / फार्मेसी सहायक सदस्य
प्रादेशिक कार्यसमतिको पहिलो कार्यसमितिको अध्यक्षको ५ वर्षे प्राबधान लागु हुने छैन

(ग) फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.ए कार्यसमतिका पदाधिकारीहरुको योग्यता
अध्यक्ष : ३ वर्ष फार्मेसी सहायक सदस्य रहेको
उपाध्यक्ष : फार्मेसी सहायक सदस्य
सचिव : फार्मेसी सहायक सदस्य
कोषाध्यक्ष : फार्मेसी सहायक सदस्य
दुई जना सदस्य : फार्मेसी सहायक सदस्य
एक जना सदस्य: महिला फार्मेसी सहायक सदस्य
फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.ए को पहिलो कार्यसमितिको अध्यक्षको ३ वर्षे प्राबधान लागु हुने छैन

**१६. कार्यसमितीको कार्यविधी**

(क) केन्द्रीय कार्य समिती
(१) केन्द्रीय कार्यसमिती एसोसियसनको माथिल्लो तहको कार्यसमिती हो ।
(२) यो कार्यसमिती केन्द्रीय साधारण सभा प्रति उत्तरदायी हुनेछ ।
(३) केन्द्रीय कार्यसमितीको पदावधी ३ वर्षको हुनेछ ।
(४) केन्द्रीय कार्यसमितीको पदावधी बहालवाला केन्द्रीय कार्यसमितीले नवनिर्वाचित केन्द्रीय कार्यसमितीलाई कार्यभार हस्तान्तरण गरेको दिन देखि लागु हुनेछ ।

(ख) प्रादेशिक कार्यसमिती
(१) हरेक प्रदेशमा संगठनको प्रादेशिक कार्यसमिती रहनेछ ।

(२) यो कार्यसमिती केन्द्रीय कार्यसमिती प्रति उत्तरदायी हुनेछ ।
(३) यो कार्यसमितीको पदावधी ३ वर्षको हुनेछ ।
(४) प्रादेशिक कार्यसमितीको पदावधी नवगठित/नवनिर्वाचित प्रादेशिक कार्यसमितीले कार्यभार सम्हालेको दिन देखि लागु हुनेछ ।

(ग) फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.ए कार्यसमति
(१) देशै भरिका फार्मेसी सहायक हरुलाई प्रतिनिधित्व गराउन केन्द्रीय कार्यसमिति मातहतमा एक फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.ए कार्यसमति रहनेछ ।
(२) यो कार्यसमिती केन्द्रीय कार्यसमिती प्रति उत्तरदायी हुनेछ ।
(३) यो कार्यसमितीको पदावधी ३ वर्षको हुनेछ ।
(४) फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.ए कार्यसमितीको पदावधी नवगठित/नवनिर्वाचित कार्यसमितीले कार्यभार सम्हालेको दिन देखि लागु हुनेछ ।

**१७. कार्यसमितिको बैठक :**

(क) केन्द्रीय, प्रादेशिक र फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.ए कार्यसमितीको बैठक कम्तिमा ३ महिनामा १ पटक बस्नेछ ।

(ख) केन्द्रीय कार्यसमितीको महासचिवले र प्रादेशिक र फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.ए कार्यसमितीको सचिवले अध्यक्षसँग परामर्श गरी बैठक बस्ने स्थान, मिति, समय र छलफल हुने मूख्य-मूख्य विषय खुलाई कार्यसमितीको बैठक बोलाउनु पर्नेछ ।

(ग) बैठक बोलाउँदा कार्यसमितीका पदाधिकारी र सदस्यहरुलाई कम्तिमा ७ दिन अगाडि सूचना दिनु पर्नेछ । तर एक पटक गणपूरक सँख्या नपुगी बैठक बस्न नसकेको अवस्थामा सोही विषय वारे बैठक बस्नु पर्ने भएमा सो को सूचना कम्तिमा ३ दिन अगाडि दिनु पर्नेछ ।

(घ) बैठकको अध्यक्षता कार्यसमितीका अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र दुवैका अनुपस्थितिमा पदाधिकारीहरु मध्येबाट जेष्ठ सदस्यले गर्नेछन् ।

(ङ) बैठकमा भएका निर्णयहरु अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई महासचिव/सचिवले व्यवस्थित गरी राख्नु पर्नेछ ।

(च) बैठकमा गणपूरक सँख्या ५१ प्रतिशत हुनु पर्नेछ । तर एक पटक गणपूरक सँख्या नपुगी बैठक वस्न नसकेको अवस्थामा सोही विषय वारेमा बैठक बस्नु पर्ने भएमा सो को गणपूरक सँख्या ३३ प्रतिशत मान्य हुनेछ ।

(छ) बैठकमा छलफल भएका विषयहरुमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछन् ।

(ज) कार्यसमितीको बहुमतले बैठक बोलाउनु पर्ने लिखित निवेदन पेश गरेमा कार्यसमितीको विशेष बैठक बोलाउनु पर्नेछ सो बैठक बोलाउदा दफा १७ (ग) लागु हुने छैन ।

(झ) कुनै विषयमा तत्काल छलफल गरी निर्णय गर्नु पर्ने भएमा कार्यसमितीका अध्यक्षले महासचिव/सचिवलाई अकस्मिक बैठक बोलाउन लगाउनेछन् । आकस्मिक बैठकको सूचना बैठक बस्ने समय भन्दा कम्तिमा ६ घण्टा अगाडि भित्र दिइनेछ र अकास्मिक बैठकमा तोकिएको बिषयमा मात्र छलफल गरी निर्णय गरिनेछे ।

(ञ) प्रादेशिक तथा विषयगत कार्यसमतिका अध्यक्ष तथा संयोजकलाई आमन्त्रित सदस्यका रुपमा केन्द्रीय कार्यसमतिमा सहभागी गराउन सकिनेछ। छलफल गरिने विषयको आवश्कता आनुसार विषयगत विज्ञहरुसंग रायलिन बैठकमा आमन्त्रित गर्न सकिन्छ ।

CamScanner

**१८. केन्द्रीय सल्लाहाकार समिति :**

क) केन्द्रीय कार्यसमितीले एसोसियसनका मताधिकार प्राप्त व्यक्तिहरु मध्येबाट केन्द्रीय सल्लाहाकार समिती गठन गर्नेछ ।

(ख) केन्द्रीय सल्लाहाकार समितीको कार्य अवधी सो केन्द्रीय कार्यसमितीको कार्य अवधी सम्म मात्र कायम रहनेछ ।

(ग) केन्द्रीय सल्लाहकार समितीमा १ जना संयोजक र ४ जना सम्म सदस्यहरु रहन सक्नेछन् ।

(घ) केन्द्रीय सल्लाहकार समितीमा छनौट भएका व्यक्तिहरु केन्द्रीय समितीको कुनै पदमा रहने छैनन् ।

(ङ) एसोसियसनको उद्देश्य प्राप्ति गर्न गराउन र एसोसियसनको सुदृढीकरण गर्न गराउनको लागि केन्द्रीय सल्लाहाकार समितीले समय-समयमा केन्द्रीय कार्य समितीलाई सल्लाह-सुझाव दिन सक्नेछ ।

(च) यदि कुनै कारणले हालको कार्यसमति हटेमा यस विधानद्धारा निर्धारित नियम विनियमको अधिनमा रही केन्द्रीय सल्लाहाकार समितीले तीन महिना भित्र निर्वाचन सम्पन्न गराइ नयाँ कार्यसमितीलाई कार्यभार हस्तान्तरण गर्ने छ ।

## परिच्छेद ६
## काम, कर्तव्य र अधिकार

**१९.कार्यसमितिको निम्न लिखित काम, कर्तव्य र अधिकार हुनेछ :**

(क) विधानमा उल्लेखित व्यवस्था अनुसार तथा साधारण सभाको मार्गदर्शन अनुसार सवै नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नलाई चाहिने कार्यकारिणी तथा प्रशासकिय अधिकार ।

(ख) एसोसियसनकोसंपत्ति र कोषको नियन्त्रण गर्ने, एसोसियसनको तर्फबाट लेनदेन र आर्थिक कारोवार गर्ने र यसका उद्देश्यहरु प्राप्तिको निमित्त कार्यसमितिले आवश्यक ठानेमा खर्च गर्ने अधिकार ।

(ग) कुनै खास उद्देश्य प्राप्तिको लागि कार्यसमितिले उचित ठानेको सदस्यहरु समावेश गरि विभिन्न समिती, विभाग, उपसमिति र जिल्ला समतिकोहरु गठन गर्ने ।

(घ) एसोसियसनको निमित्त आवश्यक कर्मचारीको नियुक्ति, नियन्त्रण तथा अवकास दिने र उनीहरुको सेवा सम्वन्धि शर्त र पारिश्रमिक निर्धारण गर्ने अधिकार ।

(ङ) साधारण सभामा पेश गर्ने कार्य सूचि (एजेण्डा), प्रस्तावहरु विधान संशोधन गर्ने प्रस्ताव समेत, एसोसियसनको वार्षिक प्रतिवेदन तथा वजेट तयार गर्ने अधिकार ।

(च) एसोसियसनको तर्फबाट कुनै सदस्य वा सदस्यहरुलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय गोष्ठी, प्रर्दशन वैठक सभा इत्यादिमा भाग लिनलाई प्रतिनिधि मनोनित गर्ने अधिकार ।

(छ) कार्यसमितिमा कुनै पद रिक्त हुनआएमा साधारण सदस्य मध्येबाट मनोनित गर्ने अधिकार । तर, मनोनित सदस्यको पदावधि कार्यसमितिको बाँकी अवधिको लागि मात्र हुने छ र त्यस्तो नियुक्तिको सँख्या कार्यसमितिको सम्पूर्ण सदस्यताको एक तिहाई सदस्य भन्दा वढी हुने छैन । कुनै सदस्यले एकै पटक कार्यसमितिका दुई पद सम्हालेको छ भने कार्यसमितिमा निजको एक भोट मात्र हुने छ ।

PHARMACEUTICAL ASSOCIATION NIPA
CamScanner

(ज) एसोसियसन सम्बन्धित कुनै पनि मुद्दामा कारवाई गर्नुपरेमा एसोसियसनको तर्फबाट प्रतिनिधि तोक्ने अधिकार ।

(झ) मातहतका कार्यसमितीलाई निर्देशन पठाउने ।

(ञ) एसोसियसनको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

**२०.कार्यसमितिका पदाधिकारी र सदस्यको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार

(१) एसोसियसनलाई नेतृत्व प्रदान गर्ने ।

(२) साधारण सभाको अध्यक्षता गर्ने ।

(३) साधारण सभाबाट पारित प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

(४) कार्यसमितीको बैठकको अध्यक्षता गर्ने ।

(५) साधारण सभा र कार्यसमितीको बैठकमा मत बराबर भए निर्णयात्मक मत दिने ।

(६) एसोसियसनको तर्फबाट राष्ट्रिय कार्यक्रमहरुमा प्रतिनिधित्व गर्ने गराउने ।

(७) केन्द्रीय कार्यसमितीको निर्णयानुसार अन्तराष्ट्रिय कार्यक्रमहरुमा प्रतिनिधित्व गर्ने गराउने ।

(८) एसोसियसनको उद्देश्य प्राप्तिको लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।

(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने कार्यहरु गर्ने, कर्तव्य पालना गर्ने र सो अधिकार प्रयोग गर्ने।

(२) कार्यसमितीको निर्णय अनुसार उपाध्यक्षले गर्ने भनी निश्चित गरेको जिम्मेवारी पूरा गर्ने ।

(३) एसोसियसनको उद्देश्य प्राप्तिको लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

(ग) महासचिवको काम, कर्तव्य र अधिकार

(१) अध्यक्षसँग परामर्श गरी संगठनको नियमित कार्यलाई व्यवस्थित गर्ने ।

(२) केन्द्रीय साधारण सभाको कार्य संचालन गर्ने ।

(३) केन्द्रीय साधारण सभामा कार्य समितीको साँगठनिक प्रतिवेदन पेश गर्ने ।

(४) केन्द्रीय साधारण सभामा भएका छलफल र निर्णयहरुको अभिलेख राख्ने ।

(५) अध्यक्षसँग सर-सल्लाह गरी केन्द्रीय कार्य समितीको बैठक बोलाउने ।

(६) केन्द्रीय कार्यसमितीको बैठक संचालन गर्ने ।

(७) केन्द्रीय कार्यसमितीको बैठकमा भएका छलफल र निर्णयहरुको अभिलेख राख्ने ।

(८) केन्द्रीय कार्यसमितिको तर्फबाट गर्नु पर्ने पत्राचार गर्ने ।

(९) एसोसियसनको केन्द्रीय कार्यालयको व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने गराउने ।

(१०) कार्यसमितीको निर्णयानुसार तोकिएको निश्चित जिम्मेवारी पूरा गर्ने ।

(११) एसोसियसनको उद्देश्य प्राप्तिमा आई पर्ने अन्य कार्यहरु गर्ने ।

(घ) प्रचारसचिवको काम, कर्तव्य र अधिकार

(१) यस विधान अन्तगत रही एसोसियसनको तर्फबाट जर्नल पत्र पत्रिका, पुस्तक इत्यादी प्रकाशन गर्न व्यवस्था मिलाउने ।

(२) कार्यसमितीको निर्णयानुसार तोकिएको निश्चित जिम्मेवारी पूरा गर्ने ।

(३) एसोसियसनको हितको निम्ति आईपर्ने अन्य कार्यहरु गर्ने ।

(ङ) सचिवको काम, कर्तव्य र अधिकार

CamScanner

(१) केन्द्रीय कार्यसमितीको हकमा महासचिवको अनुपस्थितिमा महासचिवले गर्नुपर्ने कार्यहरु गर्ने, कर्तव्य पालना गर्ने र अधिकार प्रयोग गर्ने ।

(२) प्रदेश तहको कार्य समितीको हकमा विधानको दफा १७ को उपदफा (ग) मा उल्लेखित महासचिवले गर्नुपर्ने कार्यहरु गर्ने, कर्तव्य पालना गर्ने र अधिकार प्रयोग गर्ने ।

(३) कार्य समितीको निर्णयानुसार तोकिएको निश्चित जिम्मेवारी पूरा गर्ने ।

(४) एसोसियसनको हितको निम्ति आई पर्ने अन्य कार्यहरु गर्ने

(च) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(१) कार्यसमितिको नगद तथा जिन्सीको आय-व्यय विवरण अध्यावधिक राख्ने ।

(२) एसोसियसनको आम्दानी-खर्चको विवरण तयार गरी साधारण सभामा आर्थिक प्रतिवेदन पेश गर्ने।

(३) अध्यक्षसँग परामर्श गरी कार्यसमितिको तर्फबाट कार्य योजना सहित बजेट अनुमान गरी साधारण सभामा पेश गर्ने ।

(४) एसोसियसनको लेखा दुरुस्त राख्ने वा राख्न लगाउने ।

(५) एसोसियसनको आय-व्ययको वार्षिक रुपमा लेखा परीक्षण गराउने ।

(६) कार्यसमितीको निर्णयानुसार तोकिएको निश्चित जिम्मेवारी पूरा गर्ने ।

(७) एसोसियसनको हितको निम्ति आईपर्ने अन्य कार्यहरु गर्ने ।

(छ) सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(१) केन्द्रीय कार्यसमितीको कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षले गर्नु पर्ने कार्यहरु गर्ने, कर्तव्य पालना गर्ने र अधिकार प्रयोग गर्ने ।

(२) कार्यसमितीको निर्णयानुसार तोकिएको निश्चित जिम्मेवारी पूरा गर्ने ।

(३) एसोसियसनको हितको निम्ति आईपर्ने अन्य कार्यहरु गर्ने ।

(ज) कार्यसमितीका सदस्यको काम, कर्तव्य र अधिकार

(१) कार्यसमितीको निर्णयानुसार तोकिएको निश्चित जिम्मेवारी पूरा गर्ने ।

(२) एसोसियसनको हितको निम्ति आईपर्ने अन्य कार्यहरु गर्ने ।

(३) प्रादेशिक समति संग समन्वय गर्ने ।

## परिच्छेद ६
## कार्य सभाहरु

### २१. साधारण सभा :

(क) एसोसियसनको साधारण सभा वर्षको एक पटक साधारणतया आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र कार्यसमितीले निश्चित गरेको मिति समय र ठाँउमा हुनेछ । सभाको लागि महासचिवले दुई हप्ता अगावै कार्य सूचि संलग्न गरी सूचित गर्ने छ र यस सभाले देहायका कार्य सम्पन्न गर्ने छ ।

(१) कार्यसमितीको सहमतिमा महासचिवद्धारा प्रस्तुत गरेको वार्षिक प्रतिवेदन र आगामी आर्थिक वर्षको कार्यक्रम वारे छलफल निणर्य गर्ने ।

(२) परिषदको सहमतिमा कोषाध्यक्ष द्धारा प्रस्तुत गतः कार्य वर्षको हिसाबको लेखा परिक्षणको प्रतिवेदन गरी छलफल गरी निणर्य गर्ने ।

(३) कोषाध्यक्षबाट चालु कार्य वर्षको आय व्ययको विवरण पेश गर्ने ।

PHARMACEUTICAL ASSOCIATION

CamScanner

(४) परिषदको सहमति मा आगामी कार्य वर्षको लागि कोषाध्यक्षद्धारा प्रस्तुत वजेट वारे छलफल गरी निणर्य गर्ने ।

(५) आगामी वर्षको लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।

(ख) आवश्यकता परेमा यस साधारण सभामा देहायका कार्यहरु पनि सम्पन्न गरिनेछ ।

(१) कार्यसमितीद्धारा प्रस्तुत गरेको प्रस्ताव (विधानको संशोधन गर्ने प्रस्ताव समेत) उपर विचार विमर्श गरी निणर्य दिने ।

(२) कार्यसमिती वाहेक अन्य साधारण सदस्यहरुद्धारा साधारण सभामा पेश गरिने प्रस्ताव साधारण सभा हुन १ हप्ता अगावै कार्यसमिती समक्ष पेश गरिएको प्रस्ताव उपर छलफल गरी निणर्य गर्ने । तर, यसरी गर्ने प्रस्ताव विधान संशोधन सम्बन्धी छ भने सम्पूर्ण साधारण सदस्यको एक दशांक (१/१०) सदस्यहरुद्धारा संयुक्त रुपमा दस्तखत गरी कार्यसमिती समक्ष पेश गरी सक्नु पर्नेछ ।

(३) विधानको संशोधन प्रस्ताव केन्द्रीय कार्यसमितिको साधारण सभामा मात्र छलफल गरिने छ ।

(४) निर्वाचन हुने वर्षमा कार्यसमितीको लागि निर्वाचन गर्ने ।

(५) अन्य कुनै कार्यको विचार विमर्श गर्ने ।

(ग) साधारण सभा हुनलाई कुल साधारण सदस्य संख्या मध्ये एक तिहाई भन्दा वढी सदस्यको उपस्थिति गणपुरक मानिनेछ ।

## २२. विशेष सभा :

असाधारण परिस्थितिमा सभा वोलाउनु पर्ने अवस्था परेमा कार्यसमितीको सहमतिमा अध्यक्षले वा एक चौथाई सदस्यले कारण जनाई विशेष सभा बोलाउने माग गरेमा विशेष सभा गर्न सकिनेछ । विशेष सभाको सूचना कम्तिमा १५ दिन अगाडि प्रकाशन गर्नुपर्नेछ । यसरी वोलाइएको सभामा सूचित गरेका विषमा वाहेक अन्य विषयमा छलफल गरिने छैन । सभा हुनलाई कुल साधारण सदस्य संख्या मध्ये एक तिहाई भन्दा वढी सदस्यको उपस्थिति गणपुरक मानिनेछ ।

## २३. सभाको स्थगन :

यदि साधारण सभाको लागि तोकिएको समयबाट एक घण्टा वितिसक्दा पनि सदस्यको गणपुरक संख्याको अभावमा सभा संचालन हुनु नसकेमा ७ दिने को सूचना दिइ बसेको अर्को साधारण सभामा तोकिएको समयको एक घण्टा भित्र उपस्थित सदस्यलाई गणपुरक मानिनेछ। तर विशेष सभा गणपुरक नपुगेमा स्वतः खारेजी हुनेछ ।

## २४. निर्वाचन सम्बन्धी व्यवस्था :

(क) कार्यसमितिका पदाधिकारी र सदस्यहरुको निर्वाचन सम्बन्धित तहको निर्वाचन समितीले गर्नेछ ।

(ख) उपदफा (क) अनुसारको निर्वाचन समिती सम्बन्धित तहको कार्यसमितीले गठन गर्नेछ र केन्द्रिय कार्यसमितिको हकमा निर्वाचन समितिको गठन निर्वाचन हुने मिति भन्दा कम्तिमा ३५ दिन अगाडि गठन गर्नुपर्नेछ ।

(ग) निर्वाचन समितीमा १ जना नेपाल सरकारबाट मान्यता प्राप्त अधिवक्ता संयोजक र एसोसियसनको मताधिकार प्राप्त व्यक्तिहरु मध्येबाट ४ जना सदस्यहरु रहनेछन । तर निर्वाचन समितीमा रहेका व्यक्ति सो कार्यसमितीको कुनै पनि पदमा उमेदवार हुन तथा चुनावमा भाग लिन पाउने छैनन् ।

(घ) प्रादेशिक कार्यसमिती तथा फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.एको निर्वाचन गर्नको लागि माथिल्लो तहको केन्द्रीय कार्यसमितीले निर्वाचन समिती गठन गर्नेछ ।

CamScanner

(ङ) केन्द्रीय, प्रादेशिक तथा फार्मेसी असिस्टेन्ट फोरम, एन.पी.ए कार्यसमितीको निर्वाचन ३/३ वर्षमा हुनेछ ।

(च) कार्यसमितिको निर्वाचनमा मतदान गर्न पाउने अधिकार देहाय बमोजिम हुनेछ :

(१) केन्द्रिय कार्यसमितिः एसोसियसनका साधारण सदस्यहरु सबै ।

(२) प्रादेशिक कार्यसमितिः सम्बन्धित प्रादेशिक कार्यसमितीसँग आवद्ध एसोसियसनका साधारण सदस्यहरु तथा फार्मेसी सहायक सदस्यहरु सबै ।

(३) फार्मेसी सहायक फोरम, एन.पी.ए : एसोसियसनका फार्मेसी सहायक सदस्यहरु सबै ।

(छ) निर्वाचन समिती गठन भई निर्वाचन कार्य प्रक्रिया शुरु भएपछि निर्वाचन सम्पन्न नहुँदा सम्म निर्वाचन वारे कुनै उजुर गर्न पाईने छैन । तर निर्वाचन वारे कुनै काम चित्त नबुझेमा निर्वाचन सम्पन्न भएको ७ दिन भित्र निर्वाचन समितीमा उजुरी गर्न सकिनेछ । यसरी प्राप्त उजुरीवारे निर्वाचन समितीले एसोसियसनको विधान र प्रचलित ऐन-कानुन अनुसार निर्णय गर्नेछ र यसवारे निर्वाचन समितीले गरको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ७
## आर्थिक व्यवस्था

**२५. एसोसियसनको कोष :**

(क) एसोसियसनको आफ्नै छुट्टै कोष रहनेछ ।

(ख) एसोसियसनको कोषमा देहायका रकमहरु रहने छन् :

(१) सदस्यबाट प्राप्त हुने प्रवेश शुल्क, वार्षिक शुल्क र विलम्ब शुल्क ।

(२) एसोसियसनलाई प्राप्त अनुदान वापतको रकम ।

(३) एसोसियसनले आर्जन गरेको अन्य चल-अचल सम्पत्ति ।

(४) विभिन्न कार्यक्रमक संचालनबाट वचत तथा आर्जन गरेका रकम ।

(ग) सदस्यबाट प्राप्त हुने रकम निम्न अनुसार बाँडफाँड हुनेछ

(१) केन्द्रीय कार्यसमितीले सदस्यता प्रदान गरेको अवस्थामा ६० प्रतिशत रकम केन्द्रीय कार्यसमितीमा र बाँकी ४० प्रतिशत रकम प्रादेशिक समितीलाई हुनेछ ।

(२) प्रादेशिक कार्यसमितीले सदस्यता प्रदान गरेको अवस्थामा ६० प्रतिशत रकम प्रादेशिक कार्यसमितीमा र बाँकी ४० प्रतिशत रकम केन्द्रीय समितीलाई हुनेछ ।

(घ) एसोसियसनलाई प्राप्त हुने सबै प्रकारका रकमहरु नेपाल स्थित बैंकहरुमा एक वा एक भन्दा बढी खाता संचालन गरी राखिनेछ ।

(ङ) एसोसियसनको रकम बैंकमा राख्दा एसोसियसनको खाता संचालन अध्यक्ष र कोषाध्यक्षको हस्ताक्षरबाट गरिनेछ ।

(च) एसोसियसनको खर्च दफा २५ को उपदफा (ख) बमोजिमको कोषबाट व्यहोरिने छ । तर प्रादेशिक कार्यसमितीलाई आफ्नो कोषमा रहेको रकमले एसोसियसनको कार्य संचालन गर्न कठिन हुने भएमा अवस्था हेरी केन्द्रीय समितीले अनुदान दिन सक्नेछ ।

(छ) अन्तराष्ट्रिय वा विदेशी सहयोग स्वरुप प्राप्त भएको रकम नेपालको प्रचलित ऐन-नियम बमोजिम गरिनेछ ।

NEPAL PHARMACEUTICAL ASSOCIATION

CamScanner

**२६. एसोसियसनको लेखा :** एसोसियसनको आर्थिक कारोबार प्रचलित लेखा प्रणाली बमोजिम राखिनेछ ।

**२७. लेखा परीक्षण :**

(क) एसोसियसनको आय-व्ययको विवरण हरेक वर्ष स्वीकृत लेखा परिक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम लेखा परिक्षण गराउँदा लेखा परीक्षकलाई दिइने पारिश्रमिक रकम कार्य समितिले निर्धारण गर्नेछ ।

**२८. श्रेस्ता अध्यावधिक राख्नु पर्ने :**

(क) एसोसियसनको हरेक आर्थिक वर्षको आय-व्ययको श्रेस्ता अध्यावधिक गरी राख्नु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम अध्यावधिक गरी राखेको श्रेस्ता कार्यसमितिका कुनै पदाधिकारी, वा सदस्यले हेर्न चाहेमा देखाउनु पर्नेछ ।

## परिच्छेद ८
## विविध

**२९. एसोसियसनका सदस्यहरुको आचरण :**

एसोसियसनका हरेक सदस्यले पालना गर्नु पर्ने आचरण देहाय बमोजिम हुनेछ

(क) एसोसियसनको संरक्षण, सम्बर्द्धन र सुदृढिकरणको लागि सदैव प्रयत्नशील एवं चिन्तनशील रहनु पर्नेछ ।

(ख) फार्मेसी व्यवसायहलाई गरिमामय बनाउन एसोसियसनका सदस्यहरु सदैव प्रयत्नशील रहनु पर्नेछ ।

(ग) एसोसियसनको अधिवेशन, साधारण सभा र कार्य समितिद्वारा भएका निर्णयहरुको पालना गर्नु पर्नेछ ।

(घ) एसोसियसनलाई बुझाउनु पर्ने रकम तोकिएको समयमा बुझाउनु पर्नेछ ।

(ङ) एसोसियसन प्रति घृणा, द्वेष, अवहेलना वा अनास्था हुने गरी कुनै काम कारबाही गर्न गराउन हुँदैन । तर एसोसियसनको काम कारबाहीको सम्वन्धमा स्वस्थ एवं रचनात्मक आलोचना गर्न बाधा पर्ने छैन ।

**३०. विधान संशोधन :**

(क) यस विधानमा लेखिएको कुनै कुरा संशोधन गर्नु परेमा केन्द्रीय साधारण सभाका उपस्थित सदस्यको कम्तिमा सामान्य बहुमतले संशोधन गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम गरिएको संशोधित विधान नेपाल सरकारले स्वीकृत गरेपछि तत्काल लागु हुनेछ ।

**३१. विनियम बनाउने अधिकार :**

यस विधानको उद्देश्य पूरा गर्न गराउन केन्द्रीय कार्यसमितीले आवश्यकता अनुसार नियम, विनियम, कार्यविधी बनाई लागु गर्न सक्नेछ ।

NEPAL PHARMACEUTICAL ASSOCIATION NPA

CamScanner

**३२. विधानको व्याख्या :**

(क) यस विधानमा लेखिएको कुराहरुको व्याख्या गर्ने अधिकार केन्द्रीय कार्यसमितीलाई हुनेछ ।

(ख) उपदफा (क) बमोजिम विधानको व्याख्या गरेको कुरा कुनै कार्य समिती, वा कार्य समितीका पदाधिकारी वा सदस्य अथवा एसोसियसनको साधारण सदस्य वा आजीवन सदस्यलाई चित्त नबुझेमा यसको अन्तिम व्यख्या गर्ने अधिकार केन्द्रीय साधारण सभालाई हुनेछ ।

**३३. राजिनामा दिन सकिने :**

(क) कार्यसमितिका अध्यक्षले कार्य समितीका उपाध्यक्ष मार्फत र कार्यसमितिका अन्य पदाधिकारी र सदस्यले कार्यसमितिका अध्यक्ष मार्फत कार्य समितिबाट राजिनामा दिन सक्नेछन् ।

(ख) उपदफा (क) बमोजिम दिएको राजिनामा कार्यसमितिले स्वीकृत गर्न सक्नेछ र राजिनामा स्वीकृत भए नभएको जानकारी राजीनामा दिने निज पदाधिकारी वा सदस्यलाई दिनु पर्नेछ ।

**३४. छाप :**

अक्षरले अंकित खल र मुसललाई आपसमा काटिएको दुई दातीद्धारा घुमाउरो परेका पात सहितका डाँठहरुको अपूर्ण वृतले घेरिएको हुनेछ । अपूर्ण वृतको तल्लो भाग मा करिव ४ मिलिमिटरको दुरीमा खिचिएको दुई रेखाहरु वीचमा नेपाल फर्मास्यूटिकल एसोसियसन स्थापन भएको संवत नेपाली अंकमा २०२८ र अंग्रजी अंकमा 1972 लेखिएको हुनेछ ।

CamScanner